मितिः २०८०/१२/२७

**माननीय उपप्रधानमन्त्री तथा भौतिक पूर्वाधार तथा यातायात व्यवस्था मन्त्री ज्यू,**

**सिंहदरबार, काठमाडौं ।**

**विषयः ज्ञापन पत्र ।**

२१ औं शताब्दीमा समेत सामाजिक, धार्मिक, साँस्कृतीक, भाषिक, जैविक, पर्यटकीय र पर्यवरणीय विविधताले भरिपूर्ण भएर पनि सिमकोट राष्ट्रिय सडक सञ्जालले नजोडिएको एकमात्र जिल्ला सदरमुकामका रुपमा हुम्लाको सदरमुकाम सिमकोट रहेको विधितै छ। देशका हरेक जिल्लालाई राष्ट्रिय सडक सञ्जालमा समाहित गर्ने नेपाल सरकारको लामो सयम देखिको योजना हो । तर केन्द्रिय तहमा जिल्लाको कमजोर पहुँचका कारण विगत एक दशक भन्दा लामो समयदेखि हरेक आर्थिक वर्षमा सरकारले सार्वजनिक गर्ने नीति तथा कार्यक्रममा भाषागत र नारामा हुम्लामा सडक पुर्‍याउने कुराले उच्च प्राथमिकता पाएपनि यथेष्ट बजेटको व्यवस्था तथा औचित्यपूर्ण कार्यान्वयनको तालिका नहुँदा आजको समयसम्म हुम्लाले राष्ट्रिय सडक सञ्जालमा समाहित नभएको जिल्लाकै उपमा पाउनु परेको बाध्यताका हामी सबै साक्षी हुन बाध्य भयौं ।

नेपालका सबै जिल्लालाई सडक सञ्जालमा जोड्ने सरकारको लक्ष्य अनुरुप राष्ट्रिय गौरवको आयोजना उत्तर दक्षिण व्यापारिक मार्ग अन्तरगतको (कर्णाली कोरिडोर) अर्न्तगत पछिल्लो समयमा भएको कामको रफ्तारले सरकारको लक्ष्य पुरा हुनेमा हामीलाई आशावादी गरेको छ। यद्यपी सरकारको लक्ष्य अनुसार हुम्ला सदरमुकाम सिमकोटलाई सडक सञ्जालमा जोड्न यस भन्दा अघि पनि मन्त्री ज्यूहरुको स्थलगत भ्रमणमा र जिल्लाका तर्फबाट मन्त्रालयमा पटक-पटक हुने भेटघाटमा पनि अनुरोध भई आएकाले यस पटक समेत तपसिलका काम तत्काल सम्पन्न हुने गरी प्रक्रिया अघि बढाई दिनहुन हामी जिल्लाका सबै राजनीतिक दल तथा जनप्रतिनिधिहरुको तर्फबाट माननीय उपप्रधानमन्त्री ज्यू समक्ष यो ज्ञापन पत्र पेश गर्दछौं ।

१) नेपालका सबै जिल्लालाई सडक सञ्जालमा जोड्ने सरकारको लक्ष्य अनुरुप राष्ट्रिय गौरवको आयोजना उत्तर दक्षिण व्यापारिक मार्ग मातहतको (कर्णाली कोरिडोर) अर्न्तगत पछिल्लो समयमा भएको कामको रफ्तारले सरकारको लक्ष्य पुरा हुनेमा हामीलाई आशावादी बनाएको छ । यद्यपी खार्पु नदी (खार्पुनाथ दोभान)मा अघि बढाइएको पक्की पुल निर्माण हुन अँझै केहि वर्ष लाग्ने भएकाले चालु आर्थिक वर्षको असार मसान्त भित्रमा सरकारी लक्ष्य पुरा गर्न तत्काल उक्त स्थान (खार्पुनदी) मा बेलिब्रीज जडान गर्ने प्रक्रिया अघि बढाई दिन र सरकारको निर्णय अनुसार नेपाली सेनाद्धारा निर्माणाधिन कर्णाली कोरिडोरको बोक्चे गौडा, भिड गौडा र दुल्ली गौडाको सडक स्तरोन्नतीको व्यवस्था मिलाइ दिन जिल्लाको तर्फबाट यो माग गर्दछौं ।



Scanned with CamScanner

२) उत्तर दक्षिण व्यापारिक मार्ग मातहतको (कर्णाली कोरिडोर) अन्तर्गत हिल्सा-सिमकोट खण्डको विद्यमान नारालेख हुँदै लगिएको सडकले अस्थायी प्रकृतीको हुनुको साथै यसको दूरी समेत लामो भएकाले खण्डको तुमकोट खोलादेखि तिलजुङ हुदैं हिल्सासम्मको कर्णालीको तिरैतिर लिंदा सडक छोटो र बाह्रै महिना चल्ने दिर्घकालिन बाटो निर्माण हुने भएकाले उक्त रुटबाट ट्र्याक खोल्न आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रममा यथेष्ठ बजेट बिनियोजनका लागि माग गर्दछौं ।

३. जिल्लाको चंखेली गाउँपालिकाको केन्द्र पिप्लाङ देखि नेप्का हुँदै चिनसँग सिमा जोडिएको टाँके लेकसम्मको सडक निर्माणको कामलाई आ.व. २०७८।०७९ देखि क्रमागत योजनाका रुपमा अघि बढाएपनि यथेष्ठ बजेट र कार्यान्वयन तालिका प्रभावकारी नदेखिएका कारण काम अघि बढ्न नसकेकोले आगामी आ.व.मा उक्त सडकमा उचित बजेट बिनियोजन गरी कार्यान्वयनमा अघि बढाउन माग गर्दछौं ।

***जिल्लाका जनप्रतिनिधहरुको तर्फबाट***

१. शिवराज शर्मा समन्वय प्रमुख, जिल्ला समन्वय समिति, सिमकोट, हुम्ला
२. दलु फडेरा, समन्वय उप-प्रमुख, जिल्ला समन्वय समिति, सिमकोट, हुम्ला
३. बिजय भण्डारी, अध्यक्ष सिमकोट गाउँपालिका, सिमकोट, हुम्ला
४. कर्ण रावल, अध्यक्ष खार्पुनाथ गाउँपालिका, यांचुकुना हुम्ला
५. प्यारिलाल शाही, अध्यक्ष चंखेली गाउँपालिका, पिप्लाङ, हुम्ला
६. प्रेमवहादुर लामा, अध्यक्ष नाम्खा गाउँपालिका याल्वाङ, हुम्ला
७. सुशिला रोकाया, उपाध्यक्ष सिमकोट गाउँपालिका सिमकोट, हुम्ला

***जिल्लाका राजनीतिक दलहरुको तर्फबाट***

१. कैलास भण्डारी, उपसभापति नेपाली कांग्रेस जिल्ला कार्यसमिति हुम्ला
२. डबल रावत, अध्यक्ष नेकपा (एमाले) जिल्ला कमिटि हुम्ला
३. धर्मराज बोहरा, सचिव, नेकपा माओवादी केन्द्र हुम्ला
खगेन्द्र कार्की पुर्व समन्वय उप-प्रमुख जिल्ला समन्वय समिति हुम्ला
नवराज महतारा, कर्णाली प्रदेश कमिटि सदस्य नेकपा (एमाले)
६. राजन रावत अध्यक्ष नेपाल पत्रकार महासंघ हुम्ला



Scanned with CamScanner

आज मिति २०८० साल चैत्र २७ गतेका दिन जिल्ला समन्वय समिति हुम्लाका प्रमुख श्री शिवराज शर्मा ज्यूको संयोजकत्वमा उत्तर दक्षिण व्यापारिक लोकमार्ग (कर्णाली कोरीडोर) निर्माण सम्बन्धमा तपसिलको उपस्थितीमा बैठक बसी निम्न निर्णयहरु पारित गरियो ।

***उपस्थिती***

१) ***<u>जिल्लाका-जनप्रतिनिधहरुको तर्फबाट</u>***

श्री शिवराज शर्मा समन्वय प्रमुख, जिल्ला समन्वय समिति, हुम्ला

श्री दलु फडेरा, समन्वय उप-प्रमुख, जिल्ला समन्वय समिति, हुम्ला

श्री बिजय भण्डारी, अध्यक्ष सिमकोट गाउँपालिका, हुम्ला

श्री कर्ण रावल, अध्यक्ष खार्पुनाथ गाउँपालिका, हुम्ला

श्री प्यारिलाल शाही, अध्यक्ष चंखेली गाउँपालिका, पिप्लाङ, हुम्ला

श्री प्रेमबहादुर लामा, अध्यक्ष नाम्खा गाउँपालिका, हुम्ला

श्री सुशिला रोकाया, उपाध्यक्ष सिमकोट गाउँपालिका, हुम्ला

२) ***<u>जिल्लाका राजनीतिक दलहरुको तर्फबाट</u>***

श्री कैलास भण्डारी, उपसभापति नेपाली कांग्रेस जिल्ला कार्यसमिति हुम्ला

श्री डबल रावत, अध्यक्ष नेकपा (एमाले) जिल्ला कमिटि हुम्ला

श्री धर्मराज बोहरा, सचिव, नेकपा माओवादी केन्द्र हुम्ला

श्री खगेन्द्र कार्की पुर्व समन्वय उप-प्रमुख जिल्ला समन्वय समिति, हुम्ला

श्री नवराज महतारा, कर्णाली प्रदेश कमिटि सदस्य नेकपा (एमाले)

श्री राजन रावत अध्यक्ष नेपाल पत्रकार महासंघ, हुम्ला

३) **विषेश उपस्थिती**

श्री गोरखबहादुर बोगटी, स्थायी कमिटि सदस्य नेकपा (एमाले)

**<u>प्रस्तावहरु</u>**

१. हुम्ला सदरमुकाम सिमकोटलाई राष्ट्रिय सडक सञ्जालमा जोड्ने सम्बन्धमा

२. हिल्सा सिमकोट खण्डमा तुमकोट खोलादेखि तिलजुङ हुदैं हिल्सासम्मको ट्र्याक सम्बन्धमा

३. चंखेली गाउँपालिकाको पिप्लाङ-टाँके लेकसम्मको सडक निर्माण सम्बन्धमा

Scanned with CamScanner

***निर्णयहरु***

नि. नं. १ प्र. नं. १ मा छलफल गर्दा नेपालका सबै जिल्लालाई सडक सञ्जालमा जोड्ने सरकारको लक्ष्य अनुरुप राष्ट्रिय गौरवको आयोजना उत्तर दक्षिण व्यापारिक मार्ग मातहतको (कर्णाली कोरिडोर) अन्र्तगत पछिल्लो समयमा भएको कामको रफ्तारले सरकारको लक्ष्य पुरा हुनेमा हामीलाई आशावादी बनाएको छ। यद्यपी खार्पु नदी (खार्पुनाथ दोभान)मा अघि बढाइएको पक्की पुल निर्माण हुन अँझै केहि वर्ष लाग्ने भएकाले चालु आर्थिक वर्षको असार मसान्त भित्रमा सरकारी लक्ष्य पुरा गर्न तत्काल उक्त स्थान (खार्पुनदी) मा बेलिब्रीज जडान गर्ने प्रक्रिया अघि बढाई दिन र सरकारको निर्णय अनुसार नेपाली सेनाद्धारा निर्माणाधिन कर्णाली कोरिडोरको बोक्चे गौडा, भिड गौडा, दुल्ली गौडा र च्याछहराको सडक स्तरोन्नतीको व्यवस्था मिलाइ दिन जिल्लाको तर्फबाट यो माग गर्दछौं।

नि.नं. २. उत्तर दक्षिण व्यापारिक मार्ग मातहतको (कर्णाली कोरिडोर) अन्र्तगत हिल्सा-सिमकोट खण्डको विद्यमान नारालेख हुँदै लगिएको सडकले अस्थायी प्रकृतीको हुनुको साथै यसको दूरी समेत लामो भएकाले खण्डको तुमकोट खोलादेखि तिलजुङ हुदैं हिल्सासम्मको कर्णालीको तिरैतिर लिंदा सडक छोटो र बाह्रै महिना चल्ने दिर्घकालिन बाटो निर्माण हुने भएकाले उक्त रुटबाट ट्र्याक खोल्न आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रममा यथेष्ठ बजेट बिनियोजनका लागि माग गर्दछौं।

नि. नं. ३) जिल्लाको चंखेली गाउँपालिकाको केन्द्र पिप्लाङ देखि नेप्का हुँदै चिनसँग सिमा जोडिएको टाँके लेकसम्मको सडक निर्माणको कामलाई आ.व. २०७८।०७९ देखि क्रमागत योजनाका रुपमा अघि बढाएपनि यथेष्ठ बजेट र कार्यान्वयन तालिका प्रभावकारी नदेखिएका कारण काम अघि बढ्न नसकेकोले आगामी आ.व.मा उक्त सडकमा उचित बजेट बिनियोजन गरी कार्यान्वयनमा अघि बढाउन माग गर्दछौं।



Scanned with CamScanner